जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ७५ २०८० साल असोज २९ गते सोमबार (16 Oct. 2023 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

यस अंक भित्र : २ पृष्ठमा : प्रदेशमा सहमतिको सरकार.. ३ पृष्ठमा : घटस्थापनासँगै वडा दशै ... ३ पृष्ठमाराष्ट्रसंघले यौन दुर्व्यवहारको आरोपमा

# लेखापढीहरुद्वारा सरकारी निर्णयको अवज्ञा

## भू-सेवा केन्द्रबाट हुने काम लेखापढीले आफै गरेर तीन हजार रकम शुल्क असुल्दै



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

भूमिसुधार तथा मालपोत कार्यालय हाताभित्र लेखापढीहरुले सरकारी निर्णयको अवज्ञा गर्दै आएको पाइएको छ । बिगत लामो समयदेखी कार्यालय परिसर भित्रै टहरा निर्माण गरि मालपोत कार्यालयको नियम विपरीत लेखापढी व्यवसायी आ-आफ्नो गतिबिधी संचालन गरि कार्यालयको आदेशको अवज्ञा गर्दै आएको पाइएको हो ।

सोही टहरामा आ-आफ्नो कारोबार संचालन गर्दै आएका नेपाल लेखापढी कानुन व्यवसायी एसोशिएसन मालपोत इकाई समिति राजविराजमा आवद्ध लेखापढी व्यवसायीहरुले जग्गा खरीद बिक्रि, रजिष्ट्रेशन, दाखा र नामसारी, जग्गा रोक्का लगायतका कार्यका लागि सेवाग्राहीबाट रु. ३ हजारका दरले शुल्क रसिद थमाउँदै असुल्ने गर्ने गरेका सेवाग्राहीको गुनासो छ ।

सरकारले २०७८ साल मंसिर १५ गतेदेखी भू-सेवा ( कम्प्युटर प्रणाली) केन्द्रबाट मालपोत कार्यालयको सम्पूर्ण काम गराउने व्यवस्था मिलाएको छ । जसका लागि मालपोत कार्यालय राजबिराजबाट ५२ बटा भू-सेवा केन्द्रले मान्यता पाएका छन् । कार्यालयमा ५० हजार धरौटी बुझाई उनीहरुले मान्यता पाएका हुन् । भू-सेवा केन्द्रबाटै सम्पूर्ण कामकाज हुने भएपछि लेखापढीहरुको कुनै काम नभएको भू-सेवाकर्ताहरुले बताएका छन् । लेखापढीहरुको बढ्दै गएको मनमानीका कारण भू-सेवा केन्द्र समेत प्रभावित हुन पुगेको एक भू-सेवाका संचालकले गुनासो पोखे ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २०७९ फागुन १६ गते गरेको निर्णयमा "मालपोत कार्यालय हाताभित्र लेखापढी व्यवसायी संघसंस्थाले कार्यालय परिसरभित्र आफ्नो कार्यालय खोलेको भए भूमि व्यवस्थापन तथा अभिलेख बिभागले सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी त्यस्ता कार्यालयहरु बन्द गराई उक्त स्थानमा मोठ/श्रेस्ता व्यवस्थापन गरी सो बारे मन्त्रालयलाई जानकारी गराउने" बारे उल्लेख छ ।

उक्त निर्णयलाई कार्यान्वयन गराउनका लागि लेखापढी कानुन व्यवसायी एशोसिएशन मालपोत ईकाई समिति सप्तरी राजविराजको नाउँमा घरटहरा खाली गर्न पहिलो पटक पटक २०७९ चैत ५ गते मालपोत कार्यालयका तत्कालिन प्रमुख रामनारायण शर्माले पत्र पठाएका थिए । तर सो निर्णयको कार्यान्वय नभएको भन्दै २०८० बैशाख २५ गते लेखापढी कानुन व्यवसायीको नाउँमा पुनः दोश्रो पटक पठाइएको पत्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमी व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौं र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोदार्थ गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी किरण थापाले सरकारी निर्णयको कार्यान्वन सम्बन्धमा आफू कहाँ कुनै आधिकारीक पत्र नआएपनि आफ्नै स्तरबाट कुरा बुझेर कार्यान्वयनतर्फ अघि बढ्ने जानकारी दिए । सेवाग्राहीहरुबाट लिने गरेको तीन हजार रुँपैया लेखापढीहरुको फिस बापत हो की अन्य हो भन्ने बारे पनि बुझ्ने काम गर्ने बताए ।

नेपाल लेखापढी कानुन व्यवसायी एसोशिएसन मालपोत इकाई समिति राजविराज सप्तरीका उपाध्यक्ष रामकिसुन यादवले कानुन भन्दा बाहिर कोही नरहेको भन्दै टहरा खाली गर्न अहिलेसम्म आफूहरुलाई मालपोत कार्यालयबाट कुनै प्रकारको पत्र नआएको जानकारी दिए । उनले पत्र आएमा समितिका सम्पूर्ण पदाधिकारीहरु बसेर छलफल गरि कानुनको पालना गर्ने जनाए । उनले समितिले ३ हजार रकम लिने गरेको स्वीकार गर्दै सम्पूर्ण रकम मध्ये फायल हेरी हेरी १ सय देखी ५ सम्म समितिको कोषमा जम्मा हुने र बाँकी रकम सम्बन्धित लेखापढीलाई दिने गरेको बताए ।

राजनीतिक दल, मालपोतका कर्मचारी, प्रशासन लगायतको उपस्थितिमा ३ हजार रकम लिने निर्णय गरेको सुनाउँदै उनले आफूहरु विधिवत रुपमा समिति दर्ता गरि काम गरिरहेको समेत बताए । हाल भू-सेवा मार्फत नै आफूहरु पनि काम गरिरहेको उनको भनाई छ ।

मालपोतका प्रमुख शिवशरण पण्डितले लेखापढीहरुकै कारण कार्यालयमा रकमको चलखेल बढेको दाबी गर्दै उनीहरुकै कारण सेवाग्राही समेतले दुःख पाइरहेको आरोप लगाए । उनले नेपाल सरकारले लेखापढी व्यवसायीहरुलाई मालापोत कार्यालय भित्र प्रवेश नगराउन परिपत्र पठाएपनि राजविराज त्यस अनुसार नभएको बताउँदै प्रमुख पण्डितले सरकारद्वारा जारि परिपत्रलाई कार्यान्वयन गराउनेतर्फ लागिपरेको जानकारी दिए ।

मंगलमय शुभकामना

हिन्दुहरुको महान् चाड वडा दशैं, दिपावली तथा छठ पर्व २०... उपलक्ष्यमा सम्पूर्ण ग्राहक ... शुभचिन्तक एवं बिज्ञापन... स्वास्थ्य एवं दिर्घायुको मंगलम... गर्दछौं ।



राजविराज दैनिक
परिवार

# रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माणको माग गर्दै अनसन




**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

रामराजा प्रसाद सिह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम हाल सम्म अघि बढ्न नसकेको भन्दै आक्रोशित बनेका स्थानीयवासीले तीन दिनदेखि थालेको अनिश्चितकालिन रिले अनशनलाई आईतवार पनि निरन्तरता दिएका छन् ।

संर्घष समितीका संयोजक राम कुमार दासको नेतृत्वमा तेश्रो दिन आईतवार पनि २४ घण्टे रिले अनशनलाई निरन्तरता दिइएको हो ।

शिलान्यास भएको २५ महिना बितिसक्दा पनि प्रतिष्ठानको निर्माण कार्यलाई यथासिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पुर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्त गर्नु पर्ने, प्रतिष्ठान निर्माणका लागी आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्ने लगायतका ५ बुँदे मागँ अघि सार्दै शुक्रवारदेखि रिले अनशन सुरु भएको हो ।


पाँच वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिसक्ने भनिए पनि सरकारले शिलान्यास गरेको २ वर्ष नाघि सक्दा पनि निर्माण नै सुरु नगर्दा स्थानीय आक्रोशित बनेका छन् ।

प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन । प्रतिनिधी र प्रदेशसभा निर्वाचनमा चुनावी मुदा बनेको प्रतिष्ठान यतिबेला अलपत्र अवस्थामा रहेको र कसैले चासो नदेखाएपछी आन्दोलनमा उत्रिनु परेको संघर्ष समितीका संयोजक दासको भनाई छ ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० बिरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० बर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भबन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए । तर २५ महिना बितिसक्दा पनि भवनको त कुरै भएन, एउटा इट्टा सम्म नहालिएको स्थानीयको भनाई छ ।

प्रतिष्ठानको गजेन्द्र नारायण सिंह अस्पतालको एउटा कोठा लिएर

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

### श्रद्धापूर्वक दशैं मनाऔं

हिन्दुहरुको महान चाड वडा दशैंमा दश दिनसम्म माता दुर्गाको पूजापाठ गरिन्छ। घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ। राजसी पूजामा पशुबलि चढाईन्छ र तामसी पूजामा रक्सी र बलि दुवै चढाइन्छ। दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं। घिरौला, कुभिन्डो, लौका, नरीवल, बेल र उखुको प्रयोग गरी स्मार्त बलिद्वारा दशैंघर दैलोमा हुल्ने प्रणको आवश्यकता छ। विविध धार्मिक कार्यमा पितृ र देवताले प्राप्त गरुन भनेर फल, पकवान, मिष्ठान र वस्त्र चढाउने चलन छ। त्यसलाई पनि बलि भनिन्छ। शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ।

दशैंमा बलि प्रदान गर्नका लागि महँगो मुल्यमा खसी बोका खरीद गरेर बलि दिने प्रचनलनले झनै आर्थिक भार बढाउने गर्दछ। मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ। गरीब जनताले जेनतेन ऋण काढेर भए पनि दशैं मान्नुपर्ने बाध्यता छ। यसले गरीब नेपाली जनता झनै मारमा पर्दै गएका छन्।

तसर्थ चाडपर्वलाई सौहार्दपूर्ण तरिकाले मनाउनेतर्फ अग्रसर बनौं र चाड पर्वको बेला शाकाहारी भोजन गरेर मनाउनेतर्फ ध्यान दिऔं।

# प्रदेशमा सहमतिको सरकार बन्ने : मुख्यमन्त्री कार्की



**दैनिक समाचारदाता**
**बिराटनगर, २८ असोज।**

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशमा सहमतिको सरकार बन्ने बताएका छन्। आइतबार प्रदेश प्रमुख परशुराम खापुङसमक्ष पद तथा गोपनीयताको शपथ लिएपछि पत्रकारहरुसँग प्रतिक्रिया दिँदै उनले सहमतिको सरकार बन्ने बताएका हुन्।

कार्कीले आफू नेतृत्वमा सरकार बनेपछि प्रदेशको राजनीतिक संकट समाधान भएको दाबी गरे। 'प्रदेशसभा विघटन हुन्छ कि, मध्यावधि हुन्छ कि, जनता फेरि लाइनमा लागेर मतदानमा जानुपर्छ कि, राज्यको ढुकुटी कहीँकतै बीचैमा खर्च हुन्छ कि भन्ने चिन्ता समाप्त भएको छ', उनले भने।

प्रदेशमा देखिएका सामाजिक, साँस्कृतिक विषय वार्ताद्वारा समस्या समाधान गर्ने पनि मुख्यमन्त्री कार्कीले बताए। उनले भौतिक विकास मात्र नभई मानवीय विकास पनि प्राथमिकतामा राखेर काम गर्ने बताएको अनलाइन खबरले जनाएको छ।

# पेट्रोल र डिजलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज।**

नेपाल आयल निगमले पेट्रोलको मूल्य घटाएको छ। आइतबार राति १२ बजेदेखि लागु हुने गरी निगमले पेट्रोलको मूल्य प्रतिलिटर ११ रुपैयाँ र डिजलको मूल्य लिटरमा ५ रुपैयाँले घटाएको हो।

भारतीय आयल कर्पोरेसन (आईओसी)बाट घटेर नयाँ मूल्य प्राप्त भएका कारण मूल्य समायोजन गरिएको निगमले जनाएको छ।

नयाँ मूल्यअनुसार काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर १७३ रुपैयाँमा झरेको छ भने डिजलको प्रतिलिटर मूल्य १६८ रुपैयाँ पर्नेछ।

# बदनाम गर्ने नियतले गरिएको झुठा प्रचारबाजी गर्ने माथी कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित श्री कन्त-चन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमरकान्त चौधरीले आफूलाई बदनाम गर्ने नियतले गरिएको झुठा प्रचारबाजी गर्ने माथी कारवाहीको माग गरेका छन्।

विद्यालयको जग्गादाता परिवारका सदस्य समेत रहेका अध्यक्ष चौधरीले विद्यालयलाई व्यवस्थित र नियमित पढाईका लागि आफूले महत्वपूर्ण निर्णयहरु लिएपछि केही शिक्षक र स्थानीय विपक्षि मिलेर षडयन्त्र रचिरहेको बताएका छन्।

नमूना विद्यालय बनाउने उद्देश्यले बिकास निर्माण तथा शैक्षिक गुणस्तर सुधार्न विभिन्न आधारहरु खडा गर्न थालेको बेला अनियमितताको आरोप लगाई निरुत्साहित बनाउने प्रयास गरिएको बताए।

आफ्नो कार्यकालमा भएका कामहरुको हिसाब किताब समेत पत्रकार सम्मेलनमा प्रस्तुत गरेका उनले विपक्षिबाट गलत प्रचारबाजी तथा शिक्षकहरुलाई समेत धम्क्याउने र बलजफ्ती झुठो विवरण कागजातमा हस्ताक्षर गर्न लगाउने काम पनि सुरु भएको जनाए।

उनले नियमित पढाईका लागि केही कठोर निर्णय लिदा आतिएका सोही विद्यालयका शिक्षक सुभाषकुमार साहलगायतका बिपक्षिले तत्कालिन निमित्त प्रअ सरदकुमार देवलाई धम्क्याउन थालेको बताए। उनले झुठो लाञ्क्षणा लगाउने र धम्क्याउने व्यक्ति उपर छानबिन गरि कारबाहीको माग गर्दै प्रहरी प्रशासनमा उजुरी समेत गरिसकेको जानकारी दिए।

विद्यालयका तत्कालिन निमित्त प्रअ देवले पनि सही कुरा बोल्दा बिपक्षिबाट आफूमाथी धम्की र दुरर्व्यबहार हुन थालेको बताए। अध्यक्ष चौधरीले आफ्नो कार्यकालमा संघीय र प्रदेश सरकारको लगानीबाट भएको बिज्ञान प्रयोगशाला, पुस्तकालय, फर्निचर, बालबिकास, बिद्यालय क्षेत्रमा ग्राभेल लगायतका कामको आयव्यय समेत सार्वजनिक गरेका छन्।

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी

# घटस्थापनासँगै वडा दशै शुरु

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

घटस्थापनासँगै आइतबारदेखी सप्तरीमा पनि बडा दशैको चहलपहल शुरु भएको छ । सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती लगायतका शक्तीपीठहरुमा विषेश पुजाअर्चना संगै जमरा राखिएको छ ।



यस अवसरमा शक्तीपीठहरुलाई सिंगारिने तथा विभिन्न टोल र चोकमा समेत दुर्गा प्रतिमा निर्माण र यी स्थानलाई रंगीचंगी पण्डाल तथा तोरणद्वार विषेशरुपले सिंगारिने काम भइरहेको छ ।

छिन्नमस्ता मन्दिरमा घटस्थापनापूर्व कलश यात्रा निकालिएको छ । कलश यात्रामा सहभागी महिलाहरुले बोकेका कलश नजिकैको पवित्र जलाशयबाट जल भरी पुजा स्थलमा राखिएको छ ।

दशैका बेला शक्तिपीठहरुमा देखिने भीड व्यवस्थापन तथा शान्ति सुरक्षाका लागी चाडपर्व लक्षित विषेश सुरक्षायोजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए । प्रत्येक शक्तीपीठहरुमा निगरानीका लागी ठुलो संख्यामा सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिए ।

यता सप्तरीको प्रसिद्ध छिन्नमस्ता मन्दिरमा यस वर्ष लाखौं भन्दा बढी श्रद्धालु आउने अनुमान सहित सोही अनुसारको तयारी गरिएको मन्दिरका मुल पुजारी महाकान्त ठाकुरले बताए ।

दशैको तयारीका लागी छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी र स्थानीयको सहयोगमा सरसफाई, रंगरोगन, प्रचार प्रसार, स्वयसेवक परिचालन तथा अतिथी व्यवस्थापन लगायतका सम्पूर्ण तयारी सकिएको उनले बताएका छन ।

लाखौंको संख्यामा आउने भक्तजनका लागी खानेपानी शौचालय, रात बिताउनेका लागी उपयुक्त वासस्थान लगायतको तयारी समेत गरिसकिएको उनले बताएका छन् ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० बर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**

# विश्व समाचार

## राष्ट्रसंघले यौन दुर्व्यवहारको आरोपमा नौ शान्ति सैनिकलाई फिर्ता गर्दै

नाइजेरिया, २८ असोज (एजेन्सी) ।

संयुक्त राष्ट्रसंघले यौन तथा अन्य दुर्व्यवहारको आरोपमा पूर्वी कङ्गोमा कार्यरत दक्षिण अफ्रिकी दलका नौ शान्ति सैनिकलाई फिर्ता गर्ने बताएको छ । शान्ति सैनिक र दक्षिण अफ्रिकाका एक वरिष्ठ अधिकारीलाई 'उनीहरूविरुद्धको आरोपको गम्भीरता' लाई ध्यानमा राख्दै तत्काल स्वदेश फिर्ता गर्ने निर्णय गरेको राष्ट्रसंघले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । ती वरिष्ठ अधिकारीले आफूमाथि लागेको आरोपको अनुसन्धानमा अवरोध गरेका र अन्य शान्ति सैनिकलाई धम्की दिएको बताइएको छ । अन्य दुई वरिष्ठ अधिकृतलाई पनि बदलिने राष्ट्रसंघले जनाएको छ । पूर्वी कङ्गोमा शान्ति स्थापनार्थ १२ हजारभन्दा बढी शान्ति सेना तैनाथ गरिएको छ । यस क्षेत्रमा एक सयभन्दा बढी सशस्त्र समूह सक्रिय रहेको राष्ट्रसङ्घले जनाएको छ । राष्ट्रसङ्घको आफ्नो प्रारम्भिक मूल्याङ्कनमा कर्फ्युको समय सकिएपछि नौ शान्ति सैनिक वेश्यावृत्ति हुने निषेधित बारहरूमा गएका थिए । उनीहरूमाथि शान्ति मिसनका कर्मचारी र उनीहरूलाई पक्राउ गर्न खोज्ने सैनिकहरूमाथि समेत आक्रमण गर्न खोजेको आरोप लगाइएको छ । दक्षिण अफ्रीकी अधिकारीहरूले आफ्नो राष्ट्रिय अनुसन्धानकर्मीको परिचालनमार्फत पूर्ण सहयोग हुने सङ्केत गरेको राष्ट्रसङ्घले जनाएको छ । अधिकारीहरूले पीडितलाई सहयोग गरिने तथा शान्ति स्थापना मिसन कार्यमा राष्ट्रसङ्घको मानकलाई कायम राखिने प्रतिबद्धता व्यक्त गरेका छन् । कङ्गोदेखि हैटीसम्मा परिचालन गरिएका राष्ट्रसङ्घका शान्ति सैनिकबाट हुने यौन दुर्व्यवहारका यस्ता आरोप विश्वका विभिन्न भागमा नयाँ होइन । थुप्रै घटनामा पीडितहरू बालबालिका हुने गरेका छन् । दुर्व्यवहारको घटना विशेषगरी कङ्गोमा धेरै भएको छ । सन् २०१७ मा राष्ट्रसङ्घका विरुद्ध विश्वभर गरिएको दुई हजार यौन दुर्व्यवहारका घटनामा कङ्गोमा मात्र एक तिहाइ भएको थियो । राष्ट्रसङ्घमाथि यस्ता आरोपहरूको सम्बोधनका लागि पर्याप्त काम नगरेको आरोप समेत लाग्दै आएको छ । गत वर्ष महासचिव एन्टोनियो गुटेर्रेसले यस्ताखालका दुर्व्यवहारलाई उचित सम्बोधन गर्ने नसकिए पनि निरन्तर प्रयास गरेको बताएका थिए ।

## भारतमा तीव्र गतिको मिनिबस दुर्घटना हुँदा १२ जनाको मृत्यु

भारत, २८ असोज (एजेन्सी) ।

भारतको पश्चिमी राज्य महाराष्ट्रमा आइतबार बिहान एउटा मिनिबस कन्टेनर ट्रकसँग ठोक्किँदा कम्तीमा १२ जनाको मृत्यु भएको छ । अन्य २३ जना घाइते भएका छन् । महाराष्ट्रको राजधानी मुम्बईबाट दुई सय ६८ किलोमिटर पूर्व छत्रपति सम्भाजीनगर जिल्लाको वैजापुर क्षेत्रमा समृद्धि एक्सप्रेसवे दुर्घटना भएको हो । दुर्घटनाको समयमा मिनिबसमा ३५ यात्रु सवार थिए। प्रहरीका अनुसार घटनास्थलबाट शवहरू निकालिएको छ । प्रहरीले दुर्घटनाको अनुसन्धान सुरु गरेको छ ।

## २४ घन्टामा गाजामा ३ सय नागरिक मारिए

गाजा, २८ असोज (एजेन्सी) ।

गाजा क्षेत्रमा गत २४ घन्टामा ३ सय जना मारिएका छन् । समाचार संस्था रोयटर्सका अनुसार प्यालेस्टाइनको स्वास्थ्य मन्त्रालयले बक्तव्य जारी गर्दै गत २४ घन्टामा मात्रै ३ सय प्यालेस्टाइनी नागरिकको गाजा क्षेत्रमा मृत्यु भएको छ । मन्त्रालयका अनुसार मृत्यु हुनेमा अधिकांश बालबालिका रहेका छन् । गाजा मात्रै हालसम्म २ हजार ३ सयभन्दा बढीको मृत्यु भइसकेको छ भने ९ हजारभन्दा बढी घाइते भएका छन् । इजरायल र हमासबीचको युद्धका कारण अहिले गाजा क्षेत्रको अवस्था भयावह बनेको छ । जसलाई लिएर विश्व स्वास्थ्य सङ्गठनले पनि चिन्ता व्यक्त गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले उत्तरी गाजामा रहेका अस्पतालहरूलाई इजरायल सरकारले खाली गर्न दिएको आदेशको निन्दा गर्दै त्यसो नगर्न आग्रह गरेको छ । इजराइलले उत्तरी गाजाको २२ अस्पतालमा उपचार गराइरहेका २ हजार बिरामीलाई अस्पताल र उक्त क्षेत्र नै खाली गर्न निर्देशन दिएको छ ।

## लेबनानको हिजबुल्लाहद्वारा इजरायलमा मिसाइल प्रहार : एकको मृत्यु, थुप्रै घाइते

तेल अभिभ, २८ असोज (एजेन्सी) ।

लेबनानको चरमपन्थी समूह हिजबुल्लाहले दक्षिणी लेबनानबाट प्रहार गरेको एन्टिट्याङ्क मिसाइलले इजरायली गाउँ स्टुलालाई निशाना बनाएको छ । समाचार एजेन्सी रोयटर्सका अनुसार हिजबुल्लाहको टिभी च्यानल अल-मनारमा यो जानकारी दिइएको हो । टिभी च्यानलले आफ्नो टेलिग्राम पेजमा यस हमलामा गाईडेड मिसाइल प्रयोग गरिएको बताएको छ । समाचार एजेन्सी एएफपीका अनुसार इजरायली सेनाले लेबनानले गरेको आक्रमणमा एक जनाको मृत्यु भएको र कैयौं घाइते भएको जनाएको छ । लेबनानको सिमाना नजिकै रहेको स्टुला गाउँमा ठूलो संख्यामा किसानहरू छन् । यो लेबनानको अता अल-शाब सहर नजिक छ । यसैबीच समाचार एजेन्सी एएफपीका अनुसार इजरायलले पनि बदलास्वरूप लेबनानभित्र आक्रमण सुरु गरेको छ । इजरायली सेनाले आक्रमणको पुष्टि गर्दै आक्रमणको यो घटनापछि देशको उत्तरी सीमाको चार किलोमिटर क्षेत्र बन्द गरिएको जनाएको छ । सेनाले आवतजावतमा प्रतिबन्ध लगाइएकोले सर्वसाधारणलाई यस क्षेत्रबाट टाढै रहन आग्रह गरेको छ ।

# जनज्योतीमा पुनः मण्डल सर्वसम्मत



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

जनज्योति कृषि सहकारी संस्था राजविराज ९ मलेठको शनिबार सम्पन्न १२औं वार्षिक साधारण सभाबाट विश्वनाथ मण्डलको अध्यक्षतमा नयाँ संचालक समिति सर्वसम्मतीबाट चयन भएको छ ।

सम्पन्न संस्थाको बार्षिक साधारण सभा तथा चौथो अधिवेशनको बन्द सत्रबाट पुनः अध्यक्षमा मण्डल सहित नयाँ संचालक समिति चयन भएको हो ।

समितिको संचालक सदस्यहरूमा डम्बरनारायण यादव, मनोज यादव, सुरेन्द्र यादव, सागरनन्द वर्मा, शान्तिदेवी यादव र मो. हुसेन चयन भएका छन् ।

त्यसैगरी संस्थाको लेखा समिति संयोजकमा बलराम यादव तथा सदस्यहरूमा विजय मेहता र श्याम दास निर्विरोध निर्वाचित भएका हुन् । संस्थाको साधारण सभामा १९ जना शेयर सदस्यलाई विभिन्न विधामा सम्मान गरिएको छ ।

यसअघि सम्पन्न साधारण सभामा अध्यक्ष मण्डलले अध्यक्षीय प्रतिवेदन पेश गर्दै संस्थामा ५ सय ५३ महिला र ७ सय २७ पुरुष गरि कुल १ हजार २ सय ८० शेयर सदस्यबाट २ करोड ५० लाख २५ हजार ४ सय शेयर पूँजी रहेको जानकारी दिए ।

संस्थाका कोषध्यक्ष मनोज कुमार यादवद्वारा प्रस्तुत कोषाध्यक्षीय प्रतिवेदनमा संस्थाको कूल सम्पत्ति २० करोड ६३ लाख ४५ हजार ६३ रुँपैया, ऋण लगनी १४ करोड ९७ लाख ७४ हजार १ सय ९६ रुँपैया ७२ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ ।

संस्था जिल्ला सहकारी संघ लि.सप्तरी, जिल्ला कृषि सहकारी संघ लि.सप्तरी, राष्ट्रिय सहकारी बैंक काठमाडौं, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. काठमाडौं, कृषि सामग्री कम्पनि र साल्ट ट्रेडिङ कर्पोरेशनसँग आवद्धता रहेको संस्थाले जनाएको छ ।

---

***रामराजा स्वास्थ्य...***

संचालनमा ल्याइएको पुर्वाधार तयारी विकास समितीको कार्यालय अहिले बोर्डमा मात्र सिमित भएको छ । समितीका अध्यक्ष डा.रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेपछी अर्को अध्यक्ष नियुक्त गरिएको छैन ।

गजेन्द्र नारायण सिंह अस्पतालका तत्कालिन मेडिकल सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा.रञ्जित कुमार झा सरुवा भएर अन्यत्र गएपछि १ वर्ष यता कार्यकारी निर्देशकको पद समेत रिक्त छ । यस्तै प्रष्ठिानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछी प्रतिष्ठान कर्मचारी विहीन बनेको छ ।

यद्पी म्याद सकिएपनि र लामो समय देखी तलब पाउन न सक्दा पनि आश्वासन कै भरमा कम्प्युटर अपरेटर नितु कुमारी दास कार्यालय आउने गरेको देखिन्छिन । उनी लामो समयदेखि तलब पाउन नसकेपनि प्रतिष्ठानको काम छिट्टै सूरु हुने र तलब पाउने आसमा कार्यालय आउने गरेको बताउँछिन् ।

पदाधिकारी विहीन समितिको कार्यालयमा लाखौं रुपैया खर्चेर खरिद गरिएका समान थन्किएका छन् । प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ । कुल ११ अर्ब ९८ करोड रुँपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*